# गङ्गाजमुना राजपत्र


गङ्गाजमुना गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ९) धादिङ, श्रावण १ गते, २०८२ साल (संख्याः ३**


## भाग-१

फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

**गङ्गाजमुना गाउँपालिकाको**

**सूचना**

गङ्गाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ३

# गङ्गाजमुना क्षेत्र विकास कोषको व्यवस्था गर्न बनेको ऐन २०८२

**प्रस्तावना :**

श्री गङ्गाजमुना क्षेत्रको सुरक्षा सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम गर्न गङ्गाजमुना क्षेत्र विकास कोष सम्बन्धि व्यवस्था गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी गङ्गाजमुना गाउँपालिकाको गाउँ सभाबाट यो ऐन बनाइएको छ |

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐन को नाम " गङ्गाजमुना क्षेत्र विकास कोष ऐन २०८२ " रहेको छ |

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित पछि लागु हुने छ |

**२. परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "गङ्गाजमुना क्षेत्र" गङ्गाजमुना क्षेत्रको सुरक्षा , सम्भार र विकासको लागि गङ्गाजमुना गाउँपालिकाले तोकिएको सीमाक्षेत्रभित्रको क्षेत्र सम्झनु पर्दछ |

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गङ्गाजमुना क्षेत्र विकास कोष सम्झनु पर्दछ |

(ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनु पर्दछ|

(घ) "उपाध्यक्ष" भन्नाले कोषको उपाध्यक्ष सम्झनु पर्दछ|

(ङ) "सचिव" भन्नाले कोषको सचिव सम्झनु पर्दछ|

(च) "कोषाध्यक्ष" भन्नाले कोषको कोषाध्यक्ष सम्झनु पर्दछ|

(छ) "परिषद्" कोष संचालनको निमित्त दफा ८ बमोजिम गठन भएको गङ्गाजमुना क्षेत्र विकास कोषको संचालन परिषद् सम्झनु पर्छ ।

(ज) "गाउँपालिका" भन्नाले गङ्गाजमुना गाउँपालिकालाई सम्झनु पर्दछ ।

(झ) "चन्दा" भन्नाले कोषलाई सहयोग स्वरुप दाताले प्रदान गर्ने नगद , जिन्सी र चल अचल सम्पति समेत सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

**३. कोषको स्थापना :**

(१) गङ्गाजमुना क्षेत्रको विकासको लागि गङ्गाजमुना क्षेत्र विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोषको कार्यालय गङ्गाजमुना गाउँपालिका वडा नं. ५ मा हुनेछ ।

**४. कोष स्वशासित संस्था हुने :**

(१) कोष अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगिठत संस्था हुनेछ ।

(२) कोषको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) कोषले व्यक्ति सरह चल अचल सम्पति खरिद गर्न , प्राप्त गर्न , उपभोग गर्न , बेचविखन गर्न वा आवश्यकताअनुसार अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह नालिस उजुर र कोष उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## ६. कोषको उद्देश्य :

(१) गङ्गाजमुना माई गङ्गाजमुना हिन्दु , बौद्ध समेतको उपासना केन्द्र र सनातन तीर्थस्थलका रुपमा रहिआएकोले यस गङ्गाजमुना क्षेत्रलाई सोहि बमोजिम कायम गर्ने|

(२) श्री गङ्गाजमुना आदर्श , गरिमा एवं महत्व अनुरुप गङ्गाजमुना क्षेत्रको योजनावद्ध रुपमा सुरक्षा , सम्भार तथा विकास गर्ने|

(३) गङ्गाजमुना क्षेत्र प्राचिन , ऐतिहासिक , धार्मिक , साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु श्री गङ्गाजमुना चल अचल श्रीसम्पति तथा प्राकृतिक सम्पदाको सम्भार , संरक्षण तथा सम्बर्द्धन गर्ने ।

(४) श्री गङ्गाजमुनामाई मन्दिर लगायत गङ्गाजमुना क्षेत्रभित्र रहेका राजगुठी अन्तर्गतका सबै देव देवीको मन्दिरहरुमा परम्परागत धार्मिक रीतिस्थित बमोजिम संस्कृतिक चाडपर्व तथा सामाजिक र लोककल्याणकारी कार्य, पूजाआजा संचालनको व्यवस्था मिलाउने|

(५) स्वदेश तथा विदेशका तमाम हिन्दु/बौद्ध धर्मावलम्बीहरु तथा पर्यटक सबैको सुविधाको लागि यस पावन तीर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी राष्ट्रिय / अन्तराष्ट्रिय स्तरको तीर्थस्थलको रुपमा विकास गर्ने ।

(६) यस ऐन बमोजिमको उद्देश्य अनुरुप अन्य कार्यहरु सुव्यवस्थित रुपले गर्ने

## ७. कोषको अध्यक्ष :

गङ्गाजमुना गाउँपालिका गाउँकार्यपालिकाको अध्यक्ष कोषको अध्यक्ष हुनेछ ।

## ८. गङ्गाजमुना क्षेत्र विकास संचालन परिषद्को गठन :

(१) कोषको सम्पुर्ण कारबाहीको संचालन तथा रेखदेख गर्नको लागि गङ्गाजमुना गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा एक गङ्गाजमुना क्षेत्र विकास कोष सञ्चालन परिषद् गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने परिषदमा देहायबमोजिमका सदस्यहरु रहनेछन|

(क) गङ्गाजमुना गाउँपालिका गाउँकार्यापालिकाको उपाध्यक्ष कोषको उपाध्यक्ष हुने छ|

(ख) गङ्गाजमुना गाउँपालिका अध्यक्षबाट कोषको सचिव मनोनित गरिनेछ ।

(ग) गङ्गाजमुना गाउँपालिका अध्यक्षबाट कोषको कोषाध्यक्ष मनोनित गरिनेछ ।

(घ) गङ्गाजमुना मन्दिर भएको वडाको वडाअध्यक्ष संचालक परिषद्को सदस्य रहनेछन|

(ङ) गङ्गाजमुनामाई मन्दिरको मुल पुजारी (सदस्य) हुनेछ ।

(च) गङ्गाजमुना गाउँपालिका गाउँकार्यापालिका बैठकको निर्णयबाट मनोनित महिला सदस्य एक जना सदस्य हुनेछ ।

(छ) गङ्गाजमुना गाउँपालिका गाउँकार्यापालिका बैठकको निर्णयबाट मनोनित दलित सदस्य एक जना सदस्य हुनेछ ।

(ज) गङ्गाजमुना गाउँपालिका गाउँकार्यापालिका बैठकको निर्णयबाट मनोनित अल्पसख्यक सदस्य एक जना सदस्य हुनेछ ।

## ९. परिषद्को काम कर्तव्य र अधिकार :

**(१) परिषद्को काम , कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) यो ऐन बमोजिम कोषको उदेश्य पुरा गर्नको लागि प्रयत्नशील रहने |

(ख) अध्यक्षबाट समय समयमा हुने मार्गदर्शनको पालना गर्ने , गराउने |

(ग) गङ्गाजमुना क्षेत्र गुरुयोजना र वार्षिक योजना तथा तदनुरूपका कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गराउने |

(घ) श्री गङ्गाजमुनामाई मन्दिर लगायत क्षेत्रभित्र रहेका राजगुठी अन्तर्गतका सबै देव देवीका मन्दिरहरुमा पूजा आजा, पर्व उत्सव लगायतका परम्परादेखि चलिआएका सबै किसिमका धार्मिक कार्यहरु र सो क्षेत्रमा परम्परागत रीतिस्थितका अन्य कार्यहरु संचालनको व्यवस्था गर्ने गराउने |

(ङ) गङ्गाजमुना क्षेत्रको विकास तथा धार्मिक रीतिथिती बमोजिम कार्य संचालन गर्ने सम्बन्धमा समय समयमा अध्ययन , अनुसन्धान , कार्यशाला गोष्ठी आदिको आयोजना गर्ने गराउने |

(च) गङ्गाजमुना मन्दिर गङ्गाजमुना क्षेत्रभित्र रहेका देव देवीसँग सम्वन्धित गङ्गाजमुना क्षेत्रभित्रका सबै प्रकारका घर जग्गा , मठ मन्दिर , देवालय , सत्तल , पाटी , पौवा समेतको संरक्षणको व्यवस्था मिलाउने |

(छ) गङ्गाजमुना क्षेत्रभित्रको मठ मन्दिर , सत्तल , पाटी पौवा , ढुंगेधारा , घाट , बगैचा , बनजङगल र श्री गङ्गाजमुनामाई क्षेत्रभित्र रहेका सबै देव देविसँग सम्बन्धित सबै किसिमका गुठी

अन्तर्गत गङ्गाजमुना क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ति जग्गाको क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने ।

(ज) श्री गङ्गाजमुनामाई गुठि जग्गाको उपभोग र उपयोगको आधारमा समय समयमा कुत , रैतानाठेक्का ,भाडा वा जिन्सी वा नगदी महसुल निर्धारण गर्ने ।

(झ) योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न चाहिने वित्तीय साधनहरुको आवश्यक व्यवस्था गर्ने ।

(ञ) कोषको उद्देश्य परिपूर्तिका लागि आवश्यकता अनुसार विभिन्न समिति तथा उपसमितिहरु गठन गर्ने ।

(ट) उपदफा ९(१)(ञ) बमोजिम गठित विभिन्न समिति तथा उपसमितिहरुको निमित्त नीति निर्धारण गरी  आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनीहरुको कामको समीक्षा र मुल्यांकन गर्ने ।

(ठ) गङ्गाजमुना क्षेत्रको योजना र गङ्गाजमुना क्षेत्रभित्रको कुनै स्थान महत्व मान्यता र सम्बेदनाशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी निषेध र नियन्त्रण गर्ने ।

(ड) यस ऐन बमोजिम कोषको उद्देश्य परिपूर्तिका लागि गर्नुपर्ने कार्यहरु सम्बन्धित निकाय र व्यक्तिहरुबाट यथासिघ्र कार्यान्वयन गर्न लगाउने ।

(ढ) योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय इकाई तथा जनताको सहभागिता जुटाउने र कार्यान्वयन गरि योजना र कार्यक्रम बारे जनतामा भ्रम र अन्यौल नहुने गरी जनसाधारणलाइ समय समयमा स्पष्ट जानकारी गराउने ।

(ण)गङ्गाजमुना क्षेत्रको योजनावद्ध रुपमा विकास गर्दा सुव्यवस्थित रुपले निर्माण , ममर्त सम्भार र सरसफाई गरी स्वच्छ वातावरण कायम गर्ने |

(त) खानेपानी , पानीढल , बिजुली , टेलिफोन ,सडक आदि जस्ता अन्य आधारभूत सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने |

(थ) गङ्गाजमुना क्षेत्रमा वृक्षारोपन , बन , बगैचा , उद्यान , अन्य जीवजन्तु तथा वन सम्पदा आदि समेतको व्यवस्था गर्ने |

(द) गङ्गाजमुना क्षेत्रमा प्रदुषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाइ गाउँपालिकाबाट स्वीकृत प्राप्त गरि लागु गर्ने |

(ध) गङ्गाजमुना क्षेत्रलाइ तीर्थस्थलको रुपमा रक्षा गर्न र सदुपयोगको लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने
(न) गङ्गाजमुना क्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानुन बमोजिम गाउँपालिका मार्फत घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्यहरु गर्ने |

(प) श्री गङ्गाजमुना र गङ्गाजमुना क्षेत्रभित्रका मठ मन्दिरमा चढाइएको दान, भेटि, उपहार तथा नियमित र विशेष पुजाको हिसाब तोकिए बमोजिम पारदर्शी बनाउने र कोषमा दाखिला गराउने |

(फ) कोषको आम्दानीको तोकिए बमोजिमको हिस्सा शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण जस्ता सामाजिक र कल्याणकारी काममा लगाउने ।

**(२) मूल पुजारी तथा अन्य पुजारीको नियुक्ति :**

क. श्री गङ्गाजमुनामाई मन्दिरको मूल पुजारी तथा अन्य पुजारी नियुक्ति परिषद्को सिफारिसमा अध्यक्षबाट हुनेछ ।

**१०. परिषद्को बैठक :**

(१) अध्यक्ष वा परिषद्को बैठकका अध्यक्षता गर्ने व्यक्तिको निर्देशन अनुसार परिषद्को सचिवले मिति ,समय र स्थान तोकी परिषद्को बैठक बोलाउनेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र नीजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) उपदफा १०.(१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि परिषद्को बार्षिक कार्यक्रम , बजेट र चौमासिक प्रगति समीक्षा बारे छलफल हुने परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नु पर्नेछ ।

(४) बैठक बस्ने सुचना गर्दा आवश्यकतानुसार मनासिव समय तोकी सूचना गर्नुपर्नेछ।

(५) परिषद्को बैठक साधारणतय बर्षको चार पटक बस्नेछ । तर अध्यक्षबाट निर्देशन भएमा जतिसुकै पटक पनि बस्न सक्नेछ ।

(६) सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(७) बैठक सम्बन्धि आवश्यक अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. कर्मचारीको व्यवस्था :

(१) परिषदमा प्रशासन र समग्र व्यवस्थापन हेर्न एक जना प्रशासनको कर्मचारी रहने छ|

(२) प्रशासनको कर्मचारी तथा अन्य कर्मचारीहरुको नियुक्ति, वर्खास्त, तलबभत्ता लगाएत अन्य सुविधाहरुको निर्धारण सम्बन्धी व्यवस्था गङ्गाजमुना क्षेत्र विकास कोषको सिफारिसमा परिषद्को अध्यक्षले गर्नेछ ।

## १२. कार्य संचालन विधि :

परिषद्को अन्तिम कार्य संचालन विधि तथा उपदफा १७ अन्तर्गत गठित विभिन्न समिति तथा उपसमितिहरुको बैठक सम्बन्धी कार्यविधि र आन्तरिक कार्य संचालन विधि परिषदले निर्धारण गरे बमोजिम हुनेछ ।

## १३. गाउँपालिकाको नियन्त्रणमा रहने :

(१) गङ्गाजमुना क्षेत्रभित्रको वन, जंगल र पर्ति जग्गाहरु गाउँपालिकाको नियन्त्रणमा रहनेछ । गङ्गाजमुना क्षेत्रभित्रका पाटी, पौवा, सत्ताल, मठ, मन्दिर वा देवालय र तिनीहरुले चर्चेका जग्गा, पोखरी, खोलाको बगर र वन जंगल कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता गरेको भए त्यस्तो दर्ता बदर हुनेछ| सरकारको नियन्त्रणमा भएको वन, जंगल, पर्ति जग्गा कुनै व्यक्ति वा संघ संस्थालाई हक छाडी वा नछाडी भोग चलन गर्न दिन पाइने छैन ।

(२) परिषदले गङ्गाजमुना क्षेत्रको विकास गर्नको लागि वन , जंगल र ऐलानी पर्ति जग्गाहरुको योजनाबद्ध रुपमा विकास गर्न र प्रयोगमा ल्याउन सकिने छ ।

## १४. परिषद्को स्वीकृति लिनु पर्ने :

(१) कोषको उद्धेश्य परिपूर्तिको लागि स्वीकृत योजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार कार्यन्वयन गर्न प्रचलित नेपाल कानुन, लालमोहर, सनद, सवाल तथा अन्य लिखितहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि गङ्गाजमुना क्षेत्रभित्र परिषद्ले निषेध गरेको ठाउँमा कसैले हक भोगको जग्गा कुनै प्रकारले हक हस्तारण गर्न र निर्माण सम्बन्धी कुनै कार्य गर्न हुँदैन । त्यसरी परिषद्ले निषेध गरेको ठाउँमा बाहेक अन्य ठाउँमा निर्माण सम्बन्धी कार्य गर्दा समितिले समय समयमा निर्धारण गरिदिएको मापदण्ड बमोजिम मात्र गर्नु पर्नेछ ।

(२) उपदफा १४(१) बमोजिम परिषद्ले मापदण्ड निर्धारण गर्न भवन, सडक, बाटो, पुल, पानी, ढल, शौचालय तथा टेलिफोन लाइन खम्बा र अन्य आधारभूत सार्वजनिक उपयोगिताको बिषयहरुमा समेत मापदण्ड निर्धारण गरि लागु गर्न सक्नेछ ।

(३) उपदफा १४(१) र १४(२) बमोजिम मापदण्ड निर्धारण गरी छुट्याई दिएको ठाउँहरुमा परिषद्को पूर्व स्वीकृति विना कसैले आफ्नो हक भोगको जग्गामा पनि नयाँ निर्माण, पुनः निर्माण, साविक आधार र शैली परिवर्तन, थपघट, मर्मत वा अन्य निर्माण सम्बन्धी कार्य गर्न पाइने छैन ।

(४) निर्माण सम्बन्धी विषयमा नक्सा सहित वा रहित स्वीकृत दिने वा नक्सा पास गर्ने दायित्व भएका गङ्गाजमुना गाउँपालिका विकास योजना कार्यान्वयन परिषद् वा अन्य निकायले परिषद्को पूर्व स्वीकृती नलिई निर्माण सम्बन्धी नक्सा पास वा स्वीकृत दिन हुँदैन ।

(५) परिषद्को पूर्व स्वीकृति लिई गर्नुपर्ने निर्माण कार्य सम्बन्धमा परिषद्को पूर्व स्वीकृति नभई कुनै व्यक्तिले नक्सा पास गराई वा

नगराई निर्माण कार्य गरेमा वा नक्सा पास गरि दिएमा त्यस्तो निर्माण कार्य गर्ने व्यक्ति र नक्सा पास गरिदिने सम्बन्धित व्यक्ति वा निकायलाई परिषद्को कानुनले तोकिए बमोजिम सजाय गर्न सक्नेछ । त्यसरी परिषद्को पूर्व स्वीकृति नलिई गरेको निर्माण सम्बन्धि कार्य र उपदफा ९.(प) बमोजिम निर्धारित मापदण्ड वा नीति निर्देशन विपरित स्वीकृति दिइएको निर्माण सम्बन्धि कार्य परिषद्ले रोक्न र निर्माण भइसकेकोमा सो भात्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असूल उपर गरि लिन सक्नेछ ।

(६) उपदफा १४.(५) बमोजिम निर्माण सम्बन्धि अनधिकृत कार्यहरु रोक्ने, भत्काउने वा सजायको आदेश उपर चित्त नबुझने पक्षले त्यस्तो आदेश सुनेको वा पाएको मितिले पन्ध्र दिन भित्र जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

(७) गङ्गाजमुना क्षेत्रभित्र सवारी साधनको आवागमन गर्न, विसौना, चलचित्र खिच्न, फोटो खिच्न, पोष्टर वा तस्वीर टाँस्न, कुनै किसिमको मेला गर्न वा अन्य प्रचार प्रसार गर्न परिषद्को स्वीकृति लिनु पर्ने गरि परिषद्ले व्यवस्था, नियन्त्रण तथा निषेध गर्न सक्नेछन्। तर परम्परागत नाचगान, चाडपर्व, मेला गर्न वा चलाउन परिषद्को स्वीकृति लिन पर्नेछैन ।

(८) निर्माण सम्बन्धि कार्यको स्वीकृति दिने सम्बन्धमा परिषद्ले निर्धारण गरिदिएको मापदण्ड, नीति निर्देशन विपरित स्वीकृत दिएमा त्यसरी स्वीकृति दिने गङ्गाजमुना गाउँपालिका विकास योजना कार्यान्वयन परिषद्का सम्बन्धित व्यक्तिलाई विभागीय सजायं हुनेछ ।

(९) माथिका उपदफाहरू बमोजिम परिषद्ले गर्नेछ| तर परिषद्ले चाहेमा त्यस्तो कार्य जुनसुकै बखत आफैले वा अन्य कुनै निकाय वा अधिकारीबाट गर्न गराउन सक्नेछ|

(१०) गङ्गाजमुना क्षेत्रभित्रका विभिन्न गुठी, सार्वजनिक वा सरकारी जग्गाहरुका सम्बन्धमा प्रचलित कानुनद्धारा प्राप्त अधिकार बमोजिम हक सस्तान्तरण गर्न, परिवर्तन गर्न वा अन्य कुनै पनि किसिमबाट कसैलाई भोग चलन गर्ने गरि दिनु भन्दा अघि परिषद्को स्वीकृति विना लिने दिने गरी गरेको काम गाउँपालिकाले जुनसुकै बखत बदर गर्न सक्नेछ |

## १५. श्री गङ्गाजमुना पूजा आजा र मन्दिर रेखदेख सम्बन्धि व्यवस्था :

(१) श्री गङ्गाजमुनामाई मन्दिरको रेखदेख गर्ने कर्तव्य कोषको हुनेछ र श्री गङ्गाजमुनामाई मन्दिरको विभिन्न पूजाआजा चलाउने कर्तव्य मूल पुजारीको हुनेछ |

(२) उपदफा १५(१) मा लेखिएको बाहेक गङ्गाजमुना मूल पुजारीको तालुकमा रहेका सबै काम कुरा परिषद् अन्तर्गत रहनेछ र त्यसको संचालन, असूल, टहसीलाको रेखदेख र नियन्त्रण तथा व्यक्ति विशेषबाट मन्दिरमा गरिने पूजाआजा, दक्षिणा, भेटि, दस्तुर तथा गङ्गाजमुना क्षेत्रभित्र गरिने विभिन्न कामको लागि हुने खर्च सम्बन्धि व्यवस्था परिषद्ले तोके बमोजिम हुनेछ |

## १६. कोष तथा खाता :

(१) परिषद्ले कोषका निमित्त गाउँपालिका भित्र वा बाहिर कुनै पनि क्षेत्र संस्था वा व्यक्तिबाट चन्दा उपलब्ध गर्न वा गराउन सक्नेछ | त्यस्तो कार्यमा परिषद् आफैले वा उपदफा ९(१)(ञ)

अन्तर्गत गठित विभिन्न समिति, उपसमिति वा अन्य कुनै निकाय वा व्यक्तिद्धारा सम्पर्क राखी चन्दा प्राप्त गर्न सक्नेछ|

(२) चन्दा प्राप्त गर्ने प्रक्रियाका सम्बन्धमा अन्य आवश्यक कुराहरु परिषद्ले निर्धारण गरिदिए बमोजिम हुनेछ|

(३) कोषमा देहायका रकमहरु रहनेछन :

(क) नेपाल सरकार तथा प्रदेश सरकारले गङ्गाजमुना क्षेत्रको विकासको निमित्त प्रदान गरेको रकम ,

(ख) गङ्गाजमुना गाउँपालिकाले प्रदान गरेको रकम ,

(ग) नेपाल भित्र वा बाहिरका क्षेत्र ,संस्था वा व्यक्तिहरुले कोषको निमित्त प्रदान गरेको चन्दा ,

(घ) श्री गङ्गाजमुनामाई र गङ्गाजमुना क्षेत्रसंग सम्बन्धित सबै प्रकारका गुठी जग्गाको आयास्तारबाट प्राप्त हुने रकम ,

(ङ) श्री गङ्गाजमुना क्षेत्रभित्रका विभिन्न मन्दिरहरूबाट प्राप्त हुने दक्षिणा र भेटीको रकम ,

(च) कोषको अधिकतम आयस्ता र सुरक्षा हुने गरि लगानी गरि आर्जन गरेको रकम

(छ) कोषले उपलब्ध गराएको सेवा वापत हुन् आएको शुल्क वा रकम

(ज) अन्य स्रोतबाट प्राप्त वा चन्दा

(झ) गङ्गाजमुना क्षेत्र विकास कोषको लागी आर्थिक सहयोगको रुपमा गङ्गाजमुना गाउँपालिकाबाट प्राप्त गर्न सक्ने छ भने कोषमा आवश्यकता भन्दा बढी रकम बचत हुदा कोषको परिषद्को निर्णयनुसार गाउँपालिकालाई आर्थिक सहयोग गर्न सक्नेछ |

(४) कोष संचालनको सुविधाको निमित्त कोषले गाउँपालिका भित्र वा बाहिर बैंकहरुमा कुनै पनि मुद्रा खाता खोलि रकम जम्मा गरी खाता संचालन गर्न सक्नेछ ।

(क) कोषको बैक खाताको संचालन अध्यक्ष , सचिव र कोषाध्यक्ष संयुक्त दस्तखतबाट गरिनेछ ।

(५) कोषको तर्फबाट गर्नुपर्ने सबै खर्च कोषबाट बेहोरिने छ।

(६) कोषको खाताको संचालन परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(७) सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने : कोषले आफ्नो कार्य संचालनको सिलसिलामा कुनै स्वदेशी वा विदेशी संस्था वा निकायसंग सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**१७. लेखा र लेखा परिक्षण :**

(१) कोषको आय-व्ययको लेखा परिषद्ले निर्धारण गरे बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले चाहेमा कोषको हिसाब किताब सम्बन्धित कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

**१८. अधिकार प्रत्यायोजन :**

परिषद्ले आफ्नो अधिकार आवश्यकता अनुसार परिषद्का सदस्य वा उपदफा ९(ञ)अन्तर्गत गठित समिति वा उपसमित वा त्यस्तो समिति वा उपसमितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१) कोषको पूर्व सहमति लिनु पर्ने : कुनै सरकारी वा गैर सरकारी निकायले प्रचलित कानुन बमोजिम आफुलाई प्राप्त अधिकार गङ्गाजमुना क्षेत्रभित्र प्रयोग गर्नुअघि कोषको पूर्व सहमति लिनु पर्नेछ | त्यसरी कोषको पूर्व सहमति नलिई गङ्गाजमुना क्षेत्रभित्र कुनै काम कारवाही गर्न पाइनेछैन|

**१९. नियम बनाउने अधिकार :**

(१) यस ऐन उद्देश्य पूर्तिका लागि कोषले देहायका विषयमा नियमहरु बनाउन सक्नेछ र यसरी बनाएको नियम गाउँपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ|

(क) कोषले गर्नुपर्ने प्रशासनिक कामको सम्बन्धमा|

(ख) कोषले गर्नुपर्ने आर्थिक कामको बारेमा|

(ग) कोषका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा र सेवाको शर्त सम्बन्धमा|

(घ) गङ्गाजमुना क्षेत्रभित्रका गुठीको आयस्ताको सम्बन्धमा|

(ङ) गङ्गाजमुना क्षेत्रभित्रको विकास निर्माण कार्यको सम्बन्धमा|

(२) आचार संहिता बनाइ लागू गर्ने : परिषद्ले श्री गङ्गाजमुना मन्दिरको पूजाआजामा संलग्न हुने पुजारी , भण्डारे , सुसारे लगायत सबै कामदारहरुको आचारसंहिता तयार गर्नुपर्नेछ र त्यस्तो आचारसंहिता गाउँ कार्यपालिकाले स्वीकृति भएपछि लागू हुनेछ |

**२०. बचाउ तथा बाधा अड्काउ फुकाउने अधिकार :**

(१) प्रचलित नेपाल कानुन , लालाहोहर ,सदन ,सवाल वा अन्य लिखिताहरुमा जुनसुकै कुरा लेखेता पनि यो ऐनमा उल्लेखित विषयहरुमा यसै ऐन बमोजिम हुनेछ |

(२) यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा से बाधा अड्काउ फुकाउन गाउँपालिकाले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।

आज्ञाले
सन्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत